मिति: २०६६।४।१०
समय: बिहान ७ बजे
स्थान: आ.न.पा. कार्यालय

मिति:- २०६८।४।२५
समय:- अपरान्ह १२ बजे
स्थान:- आ.न.पा. नगर कार्यपालिकाको हल

आजमिति २०६८ साल श्रावण महिनाको २५ गते बुधवारका दिन आठबिसकोट नगरपालिका, नगर विकास समितिका अध्यक्ष श्री गौरव बहादुर के.सी. को अध्यक्षतामा बैठक बसी तपसिलका प्रस्तावहरुमाथी छलफल गरी निर्णय गरियो।

उपस्थितिहरु

| | | |
|---|---|---|
| १. श्री गौरव बहादुर के.सी. | | अध्यक्ष |
| २. श्री राम बहादुर के.सी. | | सदस्य |
| ३. श्री हुकुम बहादुर पुन | - | सदस्य |
| ४. श्री देव बहादुर घर्ती | - | सदस्य |
| ५. श्री धनराम परियार | - | सदस्य |
| ६. श्री गोरख बहादुर डाँगी | - | सदस्य |
| ७. श्री प्रभा मल्ल वि.के. | - | सदस्य |
| ८. श्री मुक्ति प्रसाद खनाल | - | सदस्य |
| ९. श्री रवि के.सी. | - | सदस्य |
| १०. श्री कृष्णराज के.सी. | - | सदस्य |
| ११. श्री अमृत बुढा | - | सदस्य |
| १२. श्री धनावती ओली | - | सदस्य - सचिव |

आमन्त्रित:-

| | | |
|---|---|---|
| १. श्री गिता नेपाली | - | नगर उपप्रमुख |
| २. श्री हरि प्रसाद शर्मा | - | वि.आ.स. अध्यक्ष |
| ३. श्री जंगराम चनारा | - | वडा नं. १० वडा अध्यक्ष |
| ४. श्री हस्ते आग्री | - | वडा नं. ११ ,, |
| ५. श्री खम्मे कुसारी | - | वडा नं. १२ ,, |
| ६. श्री चित्राराम शर्मा | - | प्र.अ. आदेश मा.वि. |
| ७. श्री शेर बहादुर ओली | - | वि.व्य.स. अध्यक्ष ,, |
| ८. श्री मान बहादुर वराला | - | स.क.अ. |
| ९. श्री तारक बहादुर शाही | - | वडा अध्यक्ष ९ नं. |
| १० सिता शाह | - | कार्यपालिका सदस्य |
| ११ भरत बराल | - | नगर विकास समिति अध्यक्ष |

प्रस्तावहरु:-

१. प्र.अ.सिफारीस सम्वन्धमा ।
२. अनुदान कोटा वितरण सम्वन्धमा ।
३. शैक्षिक गुणस्तर परिक्षण केन्द्र स्थापना सम्वन्धमा ।
४. वेरुजु रकम सम्वन्धमा ।
५. गोष्ठी सम्वन्धमा ।
६. पाचौं विद्यालय अनुगमन प्रतिवेदन सम्वन्धमा ।
७. मर्ज भएका विद्यालयको सम्पत्ति व्यवस्थापन सम्वन्धमा ।
८. अदालतको आदेश सम्वन्धमा ।
९. स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धमा ।
१०. तालिम केन्द्र सम्वन्धमा ।
११. संगित शिक्षक दरवन्दि सम्वन्धमा ।
१२. सम्झौता रद्द गर्ने सम्वन्धमा ।
१३. पुरस्कार सम्वन्धमा ।
१४. प्रोत्साहन सम्वन्धमा ।
१५. उत्कृष्ट प्र.अ.छनौट सम्वन्धमा ।
१६. आंशिक शिक्षक सम्वन्धमा ।
१७. दरवन्दि थप गर्ने सम्वन्धमा ।
१८. भाडाँ पुनरावलोकन सम्वन्धमा ।
१९. अध्ययन भ्रमण सम्वन्धमा ।
२०. वाल विकासको शाखा संचालन सम्वन्धमा ।
२१. वहिरा तथा सुस्त श्रवण कक्षा सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १ आठविसकोट नगरपालिका स्थित विभिन्न सामुदायिक विद्यालयहरुको प्र.अ. छनौट सम्वन्धमा सिफारीस गर्न आठविसकोट नगरपालिका नगर शिक्षा नियमावली, २०७४ को नियम ५० बमोजिम देहायको सिफारीस समिति गठन गरी मिति २०७६/०५/०७ गतेभित्र नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(क) थलविर ओली – संयोजक

(ख) मुक्ति प्रसाद रिजाल – सदस्य

(ग) हरि प्रसाद शर्मा – सदस्य

निर्णय नं. २ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १३२ मिति २०७६/० ३/२७ गतेको प्राप्त थप वजेट शिलिङ अनुसार यस नगरपालिकामा प्राप्त हुन आएको रु २९,२८०००।–(अक्षेरेपि रु उनान्तिस लाख अठ्ठाइस हजार) रुपैयालाइ मा.वि.तहमा प्रति कोटा रु ३,६६०००।(तिन लाख छैसठ्ठी हजार) का दरले तपसिलका विद्यालयहरुमा वितरण गर्ने ।

(क) श्री ज्ञानोदय माध्यमिक विद्यालय चौतारा – १ वटा

(ख) श्री सरस्वती माध्यमिक विद्यालय मिग्री – १ वटा

(ग) श्री हिमालय माध्यमिक विद्यालय दाजे - २ वटा

(घ) श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना – १ वटा

(ङ) श्री जनकल्याण माध्यमिक विद्यालय गोइरी – १ वटा

(च) श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठूलीवार्खु – १ वटा

(छ) श्री जनविकास माध्यमिक विद्यालय टाकुरा – १ वटा

निर्णय नं. ३ शैक्षिक गुणस्तर परिक्षण केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन निर्देशिका, २०७६ को नियम ७ को उपनियम (क) र (ख) बमोजिम तथा आठविसकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ८ बमोजिम गठन गर्न नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

निर्णय नं. ४ श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानीको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको रकम त्यस विद्यालयको खातामा दाखिला गर्न लगाउने ।तोकिएको समयावधि भित्र वेरुज हुन आएको रकम दाखिला नगरेमा कानुनी प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं. ५ आठविसकोट नगरपालिकाको वार्षिक शैक्षिक क्यालेन्डर अनुसार सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, जनप्रतिनिधि सम्मिलित वृहत्त गोष्ठि २०७६ साल भाद्र महिनाको अन्तिम साता सञ्चालन गर्ने ।

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

निर्णय नं. ६ पाचौं विद्यालय अनुगमन प्रतिवेदन सम्वन्धमा, प्रतिवेदनको वैधता र विश्वसनियता परिक्षणको लागि आठविसकोट नगरपालिकाका कुनै १० (दश) वटा सामुदायिक विद्यालयहरुको पुनः अनुगमन गरी कार्यपालिका वैठकमा प्रतिवेदन पेश गर्ने ।

निर्णय नं. ७ मर्ज भएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन सम्वन्धमा शिक्षा, युवा तथा खेलकुद शाखाले वडा कार्यालयहरुसंग आवश्यक समन्वय गरी प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

निर्णय नं. ८ अदालतको निर्णयको सम्वन्धमा सम्वन्धित विद्यालयहरुसंग आवश्यक समन्वय गरी अदालतको निर्णयलाइ सम्मान गर्दै कार्यान्वयन गर्ने गराउने ।

निर्णय नं. ९ स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धमा प्रस्ताव पेश गरेका परामर्श दाता नेपाल करियर ट्रेनिङ फाउण्डेशन प्रा.लि. बागवजार काठमाण्डौसंग सम्झौता गर्न नगर कार्यपालिकामा समक्ष सिफारीस गर्ने ।

निर्णय नं. १० श्री वालकल्याण माध्यमिक विद्यालय आठविसकोटको मातहतमा रहि तालिम केन्द्र ठूलाकोटलाइ छोटा अवधिका तालिमहरु सञ्चालन गर्ने गराउने अनुमति दिने।

निर्णय नं. ११ आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुमा रहने गरी ५ जना संगित शिक्षक दरवन्दि सृजना गरी देहाय वमोजिम हुने गरी नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(क) श्री ज्ञानोदय मा.वि.चौतारा - १ जना ( श्री सरस्वति मा.वि. मिग्री र श्री सूर्योदय मा.वि. होलीसमेत हेर्ने गरी)

(ख) श्री हिमालय मा.वि.दाजे – १ जना ( श्री कालिका मा.वि.सुन्दरपानीसमेत हेर्ने गरी)

(ग) श्री बालकल्याण मा.वि.राडी – १ जना (श्री जनविकास मा.वि.घारीखोला, श्री जनता मा.वि. झिन्चौर समेत हेर्ने गरी)

(घ) श्री जनकल्याण मा.वि.गोइरी – १ जना ( श्री ने.रा.मा.वि.गत्तसैना र श्री ने.रा.मा.वि.ठूलीवार्खु समेत हेर्ने गरी)

(ङ) श्री आदर्श मा.वि.ज्यामिकरकोट – १ जना ( श्री जनविकास मा.वि.टाकुरासमेत हेर्ने गरी)

निर्णय नं. १२ आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुका अंग्रेजी शिक्षकको तालिम सम्वन्धमा नगर प्रमुख गोर्ख वहादुर के.सी. र English for all लैनचौर काठमाण्डौका निर्देशक सुशन डेइथसंग भएको करार सम्झौता रद्द गर्दा उक्त संस्थाले रु २४०००।– (अक्षरेपि चौविस हजार)

क्षति व्यहोर्नु परेकाले सोको क्षतिपूर्ति स्वरुप हुन आएको रकम उपलब्ध गराउन नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

निर्णय नं. १३ वाल दिवस २०७६ को अवसरमा हुने नगर स्तरिय कार्यक्रममा स्थान प्राप्त गर्ने विद्यालय, विद्यार्थी र सहभागी विद्यालयलाई पुरस्कार तथा सहभागि रकम निर्धारण गरिदिन नगर कार्यपालिका समक्ष अनुरोध गर्ने।

निर्णय नं. १४ SEE परीक्षा कक्षा १० र आधारभुत शिक्षा परीक्षा कक्षा ८ मा ५०% वा सो भन्दा माथि उतिर्ण गराउने गणित शिक्षकलाई जनहि रु २५०००।– (अक्षरेपि रु पच्चिस हजार) र प्रमाण पत्र सहित सम्मान गर्ने ।

निर्णय नं. १५ आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत प्र.अ.हरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने प्र.अ. शिक्षा, युवा तथा खेलकुद शाखाले छनौट गरी पुरस्कार र सम्मानको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

निर्णय नं. १६ श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालयको गणित, अतिरिक्त गणित र कम्प्युटर विषयको पठनपाठनमा सहजिकरण गर्नको लागि कार्यालयको काममा कुनै वाधा अवरोध नहुने गरी कार्यालय समय वाहेक आठविसकोट नगरपालिकामा कार्यरत कर्मचारी श्री गणेश चन्द, कमल भट्टराई र मान वहादुर वटालालाई आंशिक शिक्षकको रुपमा नियुक्ति गर्न नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

निर्णय नं. १७ श्री हिमालय माध्यमिक विद्यालय दाजे र श्री शाईइकुमारी आधारभुत विद्यालय रोकाजाखेतको अत्याधिक विद्यार्थीको चापलाइ मध्यनगर गर्दै हिमालय मा.वि.दाजेमा १ जना वाल विकास सहयोगी कार्यकर्ता र शाईकुमारी आ.वि.रोकाजाखेतमा प्रा.वि.तहको १ जना करार स्वंमसेवक शिक्षक थप गर्न नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

निर्णय नं. १८ श्री शहिद स्मृति नमुना मा.वि.लाइ आठविसकोट नगरपालिकाले प्रदान गर्दै आएको भाडा पुनरालोकन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न नगर शिक्षा समितिका सदस्य श्री मुक्ति प्रसाद रिजाललाई जिम्मेवारी दिने ।

निर्णय नं. १९ बाल दिवस २०७६ को अवसरमा हुने मा.वि.स्तरिय विज्ञान प्रदर्शनिमा उत्कृष्ट हुने १० जना छात्र/छात्रा, सोहि विद्यालयका ५ जना विज्ञान शिक्षक र कार्यालयवाट ५ जनालाई दशै तिहारको विचमा भारतको व्याङलोर र वम्वई लगाएतका स्थानमा रहेका विज्ञान तथा प्रविधि सङ्ग्रहालय अध्ययन भ्रमण गराउने निर्णय कार्यापालिका समक्ष सिफारीस गर्ने ।

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

निर्णय नं. २० आठविसकोट नगरपालिका वडा नं. ९ हर्दिगाउँका वालवालिकालाइ श्री जनता मा.वि.झिन्चौरमा गई पठनपाठन गर्न वाढि पहिरोका कारण असहज भएकाले सोहि विद्यालयको शाखा रहने गरी आठविसकोट नगरपालिका वडा नं. ९ हर्दिगाउँमा वालविकास केन्द्र सञ्चालन गर्ने । सोको लागि श्री जनता मा.वि.झिन्चौरका १/१ जना वाल विकास सहयोगि कार्यकर्ता र कार्यालय सहयोगिलाई खटाउने ।

निर्णय नं. २१ आठविसकोट नगरपालिका स्थित वडा नं. ११ मा रहेको श्री वहिरा तथा सुस्त श्रवण कक्षा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैनालाई रकम अपुग भई सञ्चालन गर्न असहज स्थिति सृजना भएकाले उक्त अपुग रकमको व्यवस्थाको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिहंदरवार काठमाण्डौं, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर, विशेष शिक्षा परिषद समक्ष अनुरोध गर्ने ।